## बरेङ गाउँपालिकाका अध्यक्ष श्री कृष्ण प्रसाद शर्मा ज्यूबाट मिति २०७५।०३।१० गते गाउँसभामा पेश भएको बार्षिक नीति तथा कार्यक्रमहरु

**गाउँसभाका सम्पुर्ण सदस्य ज्यूहरु**

नेपालको संविधान जारी भएपछि मुलुक संघीयता कार्यान्वयनको पहिलो खुटकिलोको रुपमा स्थानीय तहको निर्वाचन भई स्थानीय तहमा जनप्रतिनिधिविहिन अवस्थाको अन्त्य भएको पनि एक बर्ष पुगि सकेको छ । यसै सन्दर्भमा देशमा संघ तथा प्रदेश सभाको समेत निर्वाचन सम्पन्न भई मुलुकले संघियता कार्यान्वयनको गतिमा अग्रसर भएको छ । संघ र प्रदश कानूनको अभावमा स्थानीय तहहरुले भोग्दै आएका समस्याहरु छिटै नै अन्त्य हुने विस्वास लिएको छु । बरेङ गाउँपालिका नेपालको संघीय लोकतान्त्रिक गणतन्त्रका लागि नेपाली जनताले पटक पटक गर्दै आएका ऐतिहासिक जनआन्दोलन लगायत विभिन्न आन्दोलनहरुको स्मरण गर्दै यस अवस्था सम्म आईपग्दा राष्ट्रको लागि त्याग र वलिदान गर्ने सम्पुर्ण सहिदहरुको उच्च सम्मान गर्न चाहन्छु ।

बरेङ गाउँपालिकामा हामी निर्वाचित भै सकेपछि स्थानीय सरकारको अधिकार प्रयोग गर्दै एक आर्थिक बर्ष पुरा गर्ने लागेका छौ । यस सन्दर्भमा नवनिर्वाचित जनप्रतिनिधिहरुमा ज्ञान र अनुभवको कमी तथा कर्मचारीहरुको चरम अभावका बाबजुत हामीले गत आ.व.मा पेश गरेका नीति तथा कार्यक्रम मुताविकको दिशामा काम गर्न सकेको महुसुश गर्दै बरेङ गाउँपालिकाको आर्थिक वर्ष ०७५/७६ को नीति, कार्यक्रम तथा बजेट यस सम्मानित गाउँसभामा प्रस्तुत गर्न पाउँदा गौरवान्वित महसुश गरेका छौ । नेपालको संविधान, चौधौ आवधिक योजना, संघ सरकार र प्रदेश सरकारले पेश गरेको नीति तथा कार्यक्रमले प्राथमिकतामा राखेका विषयहरुलाई प्राथमिकता दिदै यस गाउँपालिका भित्रको भौतिक पूर्वाधार विकास, सेवा प्रवाह, कार्यालय व्यवस्थापन तथा समग्र गाउँपालिकाको सामाजिक, सांस्कृतिक पक्षहरुमा वित्तीय अनुशासन र पारदर्सिता कायम गर्दै देहाय बमोजिमका नीति तथा कार्यक्रमहरु अवलम्वन गरिनेछ ।

### ३.५.१ आर्थिक विकास

- पकेट क्षेत्र निर्धारण गरि ब्यवसायिक खेती तथा नगदेबाली प्रवर्द्धन गर्ने आयोजनाहरु संचालन गरि कृषि ब्यवसाय प्रवर्द्धनका माध्यमबाट रोजगारी सिर्जना गर्न जोड दिइने छ ।
- प्रत्येक वडामा कम्तीमा एक एक वटा पकेट क्षेत्र तोकी कृषि तथा पशु सेवाका कार्यक्रमहरु संचालन गरिनेछ । यस अर्न्तगत वडा नं १ लाई नर्सरी तथा पशुपालन, वडा नं २ लाई अलैचीको विषेश क्षेत्र, वडा नं ३ मा सुन्तला पकेट क्षेत्र, वडा नं ४ लाई नर्सरीर बाख्रा तथा वडा नं ५ लाई आलु पकेट क्षेत्रको रुपमा विकसित गरिनेछ ।

- कृषि क्षेत्रलाई मुख्य प्राथमिक क्षेत्रका रुपमा निधारण गरि प्रमुख वाली तथा तरकारीमा आत्मनिर्भर बनाउने नीति लिईनेछ । आर्थिक तथा सामाजिक रुपले् पछि परेका कृषक केन्द्रित कार्यक्रमहरुलाई प्रभावकारी रुपमा संचालन गरिनेछ ।
- कृषि उत्पादन तथा उत्पादकत्व बृद्धिका लागि बिकसित प्रबिधिहरुको प्रसार प्रचार र प्राबिधिक सेवा सर्वसुलभ रुपमा प्रदान गरि कृषकहरुलाई कृषि बिकास गर्न सक्षम बनाई आयात प्रतिस्थापन गर्ने नीति लिईनेछ ॥
- कृषि बिकासमा कृषक समुह/समिति/सहकारी/गैह्र-सरकारी संस्था र स्थानीय निकायहरुसंग साझेदारी गर्ने नीति अवलम्वन गरिने छ ।
- कृषकहरुमा सिप हस्तान्तरणद्धारा आधुनिक पशुपालन पद्धतिको बिकास गर्दै पशुपालन क्षेत्रको व्यवसायिकरणलाई प्रोत्साहन गर्ने शिपमुलक तालिमका कार्यक्रम संचालनमा अग्रसरता लिइने छ ।
- व्यवसायिक पशुपालनलाई प्रोत्साहन गर्दै आधुनिक खोर निर्माण तथा औषधोपचारमा सहायता गरिनेछ ।
- घरेलु तथा साना उद्योगको विकासको लागि बैंक तथा वित्तीय संस्थासंग समन्वय गर्दै लघुउद्यम तथा स-साना घरेलु उद्योगहरुको विकासमा समुदाय एवं निजी क्षेत्रलाई प्रोत्साहित गर्ने नीति अवलम्वन गरिनेछ ।
- परम्परागत सीपमा आधारित घरेलु उद्योगलाई संरक्षण गरी आधुनीकिकरणमा जोड दिईनेछ ।
- नौमतिवाजा, आरन सुधार जस्ता परम्परागत पेशालाई आधुनिकिकरण गर्दै लगिनेछ ।
- गाउँपालिका क्षेत्रमा होमस्टे संचालनको संभाव्यता अध्ययन गरि आवश्यक लगानी गरिनेछ ।
- समृद्ध गाउँपालिका बनाउने अभियानमा सहकारी क्षेत्रलाई सँगै लगिनेछ ।
- यस गाउँपालिकाभित्र उत्कृष्ट कार्य गर्ने सहकारी संस्थाहरुलाई प्रोत्साहीत गर्ने नीति लिईने छ ।
- दुग्ध उत्पादन, कृषि उपज उत्पादन र बजारीकरणका लागि संकलन केन्द्रको माध्यमबाट किसानहरुको आय वृद्धि एवं रोजगारीको व्यवस्थापन गर्दै जाने नीति लिईनेछ ।

### ३.५.२ सामाजिक विकास

- गाउँपालिका क्षेत्रभित्र संचालित सामुदायिक विद्यालयहरुको स्तरोन्नतिको लागि साविकका गाविसबाट दिइदै आएको अनुदानलाई निरन्तरता दिदै विद्यालयहरुलाई आफैमा सक्षम बनाउने बाटोमा अग्रसर गराईनेछ ।
- गुणस्तरिय शिक्षा र स्वास्थ्य सेवाको व्यवस्था मिलाईनेछ । शिक्षा क्षेत्रमा भौतिक पूर्वाधार तथा कक्षाकोठा व्यवस्थापनलाई प्राथमिकतामा राख्ने नीति अख्तियार गरिनेछ ।
- गाउँपालिका भित्र एक प्राविधिक शिक्षालय संचालन गर्न अग्रसरता लिइनेछ ।

- यस गाउँपालिका भित्र संचालित एक मात्र सामुदायिक क्याम्पसलाई वहुमुखी बनाउन आवश्यक पहल गरिनेछ ।
- गाउँपालिका भित्रका सबै बालविकास केन्द्रहरुमा न्यूनतम पुर्वाधार र अध्ययन सामाग्रीको व्यवस्थापन गरिनेछ ।
- सामुदायिक विद्यालयहरुमा वालवालिका लक्षित कार्यक्रमहरु सञ्चालन गरिनेछ । आधारभुत शिक्षा सुधारलाई ध्यान दिईनेछ ।
- विद्यालयहरुलाई बालमैत्री तथा छात्रामैत्री विद्यालयको रुपमा विकास गर्ने गरि भौतिक संरचनाहरुमा क्रमश सुधार गरिनेछ ।
- वाल वचाउको क्षेत्रमा मातृशिशु वालवालिकाहरुको पोषण अवस्थालाई सुदृढिकरण तथा कुपोषण न्यूनिकरणका लागि जनचेतनाका कार्यक्रमहरु प्रभावकारी रुपमा संचालन गरिनेछ ।
- पूर्णखोप सुनिश्चित गाउँपालिकाको अवस्थालाई कायम गर्दै हरेक वडाहरुमा खोपको अवस्थालाई समिक्षा गरिनेछ ।
- पोषण शिक्षा कार्यक्रमलाई थप प्रभावकारी बनाइनेछ ।
- आकस्मिक प्रसुति सेवालाई व्यवस्थित तथा थप जिम्वेवार बनाउन वर्थिङ सेन्टरहरुलाई व्यवस्थित गरिनेछ ।
- क्षयरोगको नयाँ रोगी पत्ता लगाउनको लागि समय समयमा जोखिम स्थानहरु पहिचान गरि परिक्षण शिविर संचालन गरिनेछ ।
- सेवाग्राहीको खोजि गर्ने तथा सेवाग्राहीको निरन्तरताको लागि संचार गर्नको लागि विशेषत मातृ तथा बालस्वास्थ्य सेवाको लीग म.स्वा.स्वं सेविकाहरुलाई संचार खर्च वापत रु २०० प्रति महिनाका दरले प्रदान गरिनेछ ।
- हरेक स्थानीय तहमा १५ शैयाको अस्पताल स्थापना गर्ने राष्टिय नीति अनुसार सोको लागि आवश्यक पर्ने १२ रोपनी जग्गा व्यवस्थापन गर्न पहल गरिनेछ ।
- राष्टिय स्वास्थ्य विमा कार्यक्रमलाई प्रचार प्रसार गरि थप प्रभावकारी बनाइनेछ ।
- स्वास्थ्य संस्थाहरुमा तथा बर्थिङ सेन्टरहरुमा औषधी तथा औजार उपकरण खरिद तथा व्यवस्थापनको लगि उचित बजेट व्यवस्थापन गरिनेछ ।

- सुनौला हजार दिन, सुरक्षित मातृशिशु स्वास्थ्य सेवा कार्यक्रमहरुलाई टोल स्तर सम्म विस्तार गरि संचालन गरिनेछ ।
- माहामारी तथा संक्रमण रोग नियन्त्रण र रोकथामका लागि आवस्यक व्यवस्थाहरु मिलाईनेछ ।
- ग्रामिण क्षेत्रहरुमा जनस्वास्थ्यसँग सम्बन्धित क्रियाकलापहरु सञ्चालन गर्न निजी क्षेत्र एवं गै.स.स. हरुसंग सवन्वय गरी प्रोत्साहित गरिनेछ ।
- एक घर एक स्वस्थ खानेपानीको धारा नीतिलाई अवलम्वन गरिनेछ ।
- स्वच्छ खानेपानीमा सम्पुर्ण नागरिकको पहुँचलाई सुनिश्चित गरिनेछ । खानेपानीको वितरण र उपभोगमा स्थानियलाई जिम्मेवार बनाउने नीति लिईनेछ ।
- खानेपानी मुहान शुद्धिकरण तथा मुहानको संकलन केन्द्रको सुरक्षा गरी खानेपानीको गुणस्तर सुधार गरिने छ ।
- गाउँपालिका क्षेत्रभित्र रहेका सत्यावती मन्दिर, कौडेको धुरी, भुमेस्थान, कालीलेख सिद्धथान, भित्रीवन जस्ता धार्मिक तथा सांस्कृतिक महत्वका क्षेत्रहरुको संरक्षणमा विशेष जोड दिदै पर्यटकिय क्षेत्र विकासका कार्यक्रमहरु संचालन गरिनेछ ।
- महिला सशक्तिकरण तथा लैगिंक समानता प्रवद्धन गर्न विभिन्न क्षमता अभिवृद्धि कार्यक्रमहरु संचालन गरिनेछ ।
- सवै प्रकारका अपङ्गता भएका व्यक्तिहरुको क्षमता विकास एवं उनीहरुको सामाजिक सुरक्षा व्यवस्थालाई प्रभावकारी वनाउदै लैजाने नीति लिइनेछ ।
- विगतका बर्षहरुमा संचालित लक्षित वर्गका कार्यक्रमहरुको प्रभावकारिता मुल्याङ्कन गरि सफल कार्यक्रमहरुलाई निरन्तरता दिईनेछ ।
- गाउँपालिका भित्र रहेका सबै प्रकारका विभेद, बहिस्करण, उत्पीडन, बञ्चितिकरण र असमानताको अन्त्य गर्नका लागि समन्यायिक वितरण र पुनर्वितरणका माध्यमबाट आर्थिक सामाजिक रुपान्तरण गरिनेछ ।
- खेलकुद क्षेत्रको विकास र प्रवर्द्धनलाई प्रोत्साहित गर्ने नीति अख्तियार गरिनेछ ।
- प्रत्येक वडा भित्र कम्तीमा एक वटा स्तरिय खेलकुद मैदान निर्माण गर्ने नीति लिइनेछ ।
- आदिवासी जनजातिहरुको उत्थानको लागि विषेश कार्यक्रम संचालन गरिनेछ ।
- दलित तथा पिछडिएको वर्गका व्यक्तिहरुलाई सिपमुलक तालिम तथा व्यवसायिक रुपमा टेवा पुग्ने कार्यक्रम संचालन गरि स्वरोजगार बनाउने नीति अवलम्वन गरिनेछ ।

– जेष्ठ नागरिकहरुका अनुभवहरुको उपयोग गर्दै उनिहरुको सम्मान गर्ने नीति अवलम्वन गरिनेछ ।

### ३.५.३ पूर्वाधार विकास

– विषयगत विज्ञहरुसँग छलफल र अन्तर्क्रिया गरि प्राप्त सुझावका आधारमा विकास नीति लागु गरिनेछ ।

– योजनाको छनौट, निर्माण, अनुगमन, संचालन र मर्मत सम्भार समेतमा स्थानीय सरोकारवाला उपभोक्ताहरुको सार्थक सहभागिता जुटाउने कार्य गरिनेछ ।

– बरेङ गाउँपालिका क्षेत्रमा मुख्य तथा ग्रामिण सडक सञ्जालहरुको वर्गिकरण गरि प्राथमिकताको आधारमा न्यूनतम सडक सञ्जालको विकास, विस्तार र स्तरोन्नति गर्ने नीति अवलम्वन गरिनेछ ।

– गाउँपालिका भित्र एक रिङरोडको बहुबर्षिय योजनाको माध्यमबाट सवै वस्तीहरुमा यातायातको पहुँच पुर्‍याईनेछ ।

– गाउँपालिकाको विकासलाई व्यवस्थित गर्न सडक, खानेपानी, बिद्युत तथा दुरसंचार संस्थान जस्ता सम्वन्धित निकायहरुसँग समन्वय गरी दिगो वनाईनेछ ।

– गाउँपालिका भित्रका जिर्ण झोलुङ्गे पुल विस्थापित गरि नयाँ पुल निर्माण गर्न प्रदेश सरकार तथा अन्य सरोकारवाला निकाय सँग समन्वय गरिनेछ । साथै सामान्य मर्मतका कार्यहरुलाई गाउँपालिकाबाट बजेट विनियोजन गर्ने व्यवस्था मिलाईनेछ ।

– बढदो बसाईसराई नियन्त्रण गर्न अत्यावस्यक पूर्वाधार विकासमा जोड दिइनेछ ।

– गाउँपालिका क्षेत्रभित्रको ऐलानी, प्रति जग्गाको संरक्षण कार्यक्रमलाई अभियानको रुपमा संचालन गरिनेछ ।

– नक्सापासको कार्य लागु गर्ने प्रयास गरिनेछ ।

– विकास निर्माण लगायतका कार्यक्रमलाई समयमा नै सम्पन्न गरी अर्को आ.व. मा आर्थिक व्ययभार सर्न जाने प्रकृयाको अन्त्य गर्न तथा विकास निर्माण अनुशासनलाई अनिवार्य पालना गर्न गराउनका लागि विगत बर्षको दायित्व आगामी बर्षमा नसार्ने नीतिलाई अवलम्वन गरिनेछ ।

- विद्युत आपूर्तिको अनियमितता अन्त्य गर्न विद्युत पोल वितरण र लघु तथा साना जलविद्युत आयोजना संचालन गर्न प्राथमिकता दिईनेछ ।
- सामुदायिक विद्युतिकरण उपभोक्ता समितिहरुसँग समन्वय गरि यसै बर्ष भित्र काठका पोल विस्तापित गरिनेछ ।

**३.५.४ वातावरण तथा विपद व्यवस्थापन**

- सामुदायिक वनलाई प्रोत्साहन गर्ने नीति लिईनेछ । एक टोल एक सामुदायिक वनको नीति अंगिकार गरिनेछ ।
- हाम्रो गाउँ राम्रो गाउँ आफै बनाऔं भन्ने नाराका साथ नमुना वस्ती निर्माण गर्न घरबाट निस्किने फोहोरलाई घरभित्र नै व्यवस्थापन गर्न स्थानीयलाई चेतनामूलक/सन्देशमुलक घरदैलो कार्यक्रम संचालन गर्न टोल सुधार समिति लगायत संघसंस्थालाई व्यापक रुपमा परिचालन गरिनेछ ।
- गाउँपालिका क्षेत्रको सौन्दर्यकरणको लागि सडकको छेउ र खोला किनारहरु तथा खुला सार्वजनिक स्थलहरुमा बृक्षारोपण गर्न विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।
- जलबायु परिवर्तन न्यूनिकरण सम्वन्धी जनचेतनामुलक कार्यक्रमहरु संचालन गर्दै जलबायु परिवर्तन अनुकुलन प्रणालीको विकास गरिनेछ ।
- अति विपन्न परिवारलाई चर्पी प्रयोग गर्ने वानी वसाल्न विभिन्न चेतनामूलक कार्यक्रम संचालन गरी त्यस्ता वस्तीहरुका चर्पी निर्माण गर्ने कार्यलाई अभियानको रुपमा संचालन गरिनेछ ।
- मुख्य बजारहरुको फोहोरमैला व्यवस्थापनको लागि डम्पिङ साइटको पहिचान गरि व्यवस्थित गरिनेछ ।
- पुर्णसरसफाई गाउँपालिका घोषणा गर्ने अभियानलाई प्राथमिकता दिईनेछ ।
- पहिरोबाट जोखिम वस्तीहरु संरक्षण गर्न, खोलाको कटान नियन्त्रण गर्न विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।
- बाढी, पहिरो, आगलागि, नदी कटान आदीको जोखिम न्यूनिकरण गर्दै पिडितहरुको सामान्य राहतको लागि विपद व्यवस्थापन कोषको स्थापना गरिनेछ ।

– विपदको पूर्व तयारी, क्षति न्यूनिकरण र उद्धार कार्यमा सहजता ल्याउन तथा विपद व्यवस्थापन योजना तर्जुमा र पूर्व तयारीका लागि सक्षम बनाईनेछ ।

– जलाधार संरक्षणको लागि विशेष व्यवस्था गरिनेछ ।

### ३.५.५ संस्थागत विकास तथा सेवा प्रवाह

– गाउँपालिका तथा वडा कार्यालयहरुको भवन निर्माण तथा जग्गा प्राप्ति र जिर्ण भवनहरु सुधारका लागि विशेष जोड दिईनेछ । कार्यालय व्यवस्थापनमा यथेष्ट ध्यान दिइनेछ ।

– गाउँपालिकाको कार्यालय तथा प्रत्येक वडा कार्यालयहरुमा सहज ईन्टरनेट सुविधा उपलब्ध गराउन आवस्यक पहल कदमी लिईनेछ ।

– नयाँ परिवर्तित व्यवस्था र संरचनामा कर्मचारीहरुको मनोवल उच्च राख्ने तथा नयाँ ढंगका साथ काम गर्न कर्मचारीहरुलाई आवस्यक उत्प्रेरणा र तालिमहरुको व्यवस्था गरिनेछ ।

– प्रत्येक वडा कार्यालयहरुमा विद्युतिय माध्यमवाट सेवा प्रवाह गर्ने नीति लिईनेछ ।

– कार्यालय तथा विषयगत शाखा कार्यालयहरुमा नागरिक वडापत्र, सेवाग्राहीको लागि प्रतिक्षालय निमार्ण आदी अनिवार्य गरिनेछ ।

– कार्यालयका सवै प्रकारका निर्णय र गतिविधिहरु सर्वसाधारणलाई जानकारी गराउन हरेक सूचनाहरु वेभसाईट र वुलेटिनको माध्यमबाट प्रकाशन गरिनेछ ।

– वडास्तरमा मेलमिलाप केन्द्रको माध्यमबाट न्यायीक एवं सामाजिक वातावरण सन्तुलन गर्ने प्रयत्न गरिनेछ ।

– वेलावेलामा घटने अराजनैतिक घटनाका कारण गाउँपालिका नै अशान्तिपूर्ण भनि फैलाईएका भ्रमहरुलाई चिर्दै नागरिकका विच सदभाव र सामाजिक एकता कायम गरि शान्तिको क्षेत्रमा नमुना गाउँपालिका बनाउन विशेष पहल गरिनेछ ।

### ३.५.६ वित्तीय व्यवस्थापन र सुशासन

– आन्तरिक आयमा बृद्धि गरी दिगो विकासमा टेवा पुऱ्याउनका लागि साविकका गाविसबाट लिईदै आएका कर, दस्तुर, शुल्कको दायरा र दरलाई फराकिलो पार्न राजश्व परामर्श समिति र स्थानीयबासीहरुबाट प्राप्त सुझावहरुलाई कार्यान्वयन गरिनेछ ।

- वित्तीय अनुशासन कायम गर्न योजना अनुगमन, सार्वजनिक सुनुवाई, मासिक प्रतिवेदन आदी क्रियाकलापहरुलाई प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ । आन्तरिक लेखा परिक्षणको कार्यलाई थप व्यवस्थित बनाईनेछ ।
- राजश्व संकलन तथा खर्चहरुलाई कम्प्युटराइज गर्ने तथा नयाँ नयाँ सफ्टवेयरहरु भित्राउने नीति लिईनेछ ।
- कर तथा गैरकर राजश्वका नयाँ क्षेत्रहरुको पहिचान र अधिकतम परिचालनका लागि विज्ञ तथा सरोकारवालाहरुसँग निरन्तर छलफल र सहकार्यलाई विशेष जोड दिईनेछ ।
- मानव अधिकारको सम्मान एवं सम्वद्धन गर्दै मानव अधिकारको प्रत्याभूति गरिनेछ ।

गाउँपालिकाको नीति तथा कार्यक्रम तयार गर्न सुझाव पेश गर्ने तथा कार्यसम्पादनमा निरन्तर सहयोग पुर्याउने विभिन्न राजनीतिक दल, कर्मचारी, गैर सरकारी संस्थाहरु, निजी क्षेत्र लगायत सबै सरोकारवालाहरुलाई विशेष धन्यवाद दिन चाहन्छु ।

धन्यवाद ।